# समावेशीकरण नीति,२०८२

# यशोधरा गाउँपालिका

बैदौली, कपिलवस्तु

# विषय सूची

१. पृष्ठभूमि २
२. विगतका व्यवस्था र प्रयासहरू २
३. वर्तमान स्थिति ४
४. नीतिको आवश्यकता ५
५. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य ५
६ सामाजिक समावेशीकरणका सवालहरु ६
७. सामाजिक समावेशीकरण सम्बन्धि प्रमुख सवालहरु सम्बोधनका उपायहरु १०
८. गाउँपालिकामा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन गर्न देखिएका समस्या तथा चुनौतीहरू १४
९. समस्या तथा चुनौतिहरु सम्बोधनका लागी अवश्यक रणनितीहरू : १४
१० रणनीतिहरु १६
११ नीति तथा कार्यनीतिहरु १६
११.१: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने १६
११.२ः नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सीमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने। १८
११ः३ पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने । २०
११ः४ पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने । २०
११.५ः सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने । २३
१२. संस्थागत व्यवस्था २३
१३. वडास्तरीय समितिः २५
१४. नीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्था : २६
१५. नीतिको मूल्याङ्कन २६
१६. सम्भावित जोखिम न्यूनीकरण योजना २६

# यशोधरा गाउँपालिकाको समावेशीकरण नीति, २०८२

गाउँ सभाबाट स्वीकृत मितिः २०८२।०३।१० गते

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले दिशा निर्देश गरे बमोजिम समतामूलक समाजको निर्माण गर्न यस गाउँपालिका अन्तर्गत सबै क्षेत्रगत विषयहरूमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट सबै वर्ग, जातजाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरूलाई नीतिगत तथा कानुनी रूपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । मुलुकले संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको सन्दर्भमा सम्बद्ध विषय क्षेत्र  र अन्तर्गत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूलाई समावेशी मैत्री बनाउन यो सामाजिक समावेशीकरण नीति जरुरी भएको छ।

यस सन्दर्भमा विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जातजाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ। सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न सबै क्षेत्र तथा संरचनाहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्बोधन गर्ने नीतिको आवश्यकता महसूस भएकाले प्रस्तुत सामाजिक समावेशीकरण नीति, २०७८ तर्जुमा गरी लागू गरिएको छ।

## २. विगतका व्यवस्था र प्रयासहरू

नेपालमा विगत देखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पछाडी पारिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिक रूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, पालिकाको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सोको कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागत रूपमा सञ्चालन भएका छन्। यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ। दशौं योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यस अनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी

पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०७८ कार्यान्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन, २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैंङ्गिक समानता नीति २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैंङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरूपमा उल्लेख भएको छ । साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरूप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिक हक सम्वन्धी कानुनहरू सङ्घीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ । स्थानीय तहका विभिन्न पदहरूमा समेत जातीय, लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको र राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडिपरेका समुदाय र क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ ।

विगत देखि नै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निःशर्त पुंजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिक रूपमा पछाडिपरेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । साथै तत्कालीन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पछाडिपारिएका समुदाय, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्तिहरूको सहभगितामा संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागतरूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालन मार्फत् आर्थिक तथा सामाजिक रूपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू भएको पाईन्छ।

पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्र अन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै, उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति समेत निश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ । योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ।

**वर्तमान स्थितिः**

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै विभिन्न आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ।

नेपालमा वि.सं. २०६८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिला रहेकोमा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ । यस्तै, सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत मात्र रहेको देखिन्छ । महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमश: २६.३ र ५३.८ प्रतिशत रहेको छ । नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ। साथै २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत रहेको मध्ये महिला ६९.४ र पुरूष ८३.६ प्रतिशत रहेको छ ।

पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहु आयामिक गरिबी २८.६ प्रतिशत रहेको छ । प्रदेशगत गरिबी हेर्दा प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशको गरिबीको रेखामुनि रहेको जनसङ्ख्या प्रतिशतबीच झण्डै तेब्बरको अन्तर रहेको देखिन्छ। मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ। यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरू बीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ।

जनसाङ्ख्यिक विविधतालाई अध्ययन गर्दा मुलुकको पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम कुल जनसङ्ख्याको १ प्रतिशत भन्दा कम जनसङ्ख्या हुने विभिन्न जातजातिहरूको संख्या १११ भन्दा बढी रहेको छ । भाषागत विविधता हेर्दा नेपालमा करिब १२३ भन्दा बढी मातृभाषाहरू रहेको देखिन्छ । नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ भन्दा बढी धर्मावलम्बीहरू रहेको देखिन्छ। यी आँकडाहरूले नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको दर्शाउँदछन् । यी विविधता भित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आयवर्ग बीच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्य रूपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ। तसर्थ समावेशी विकासको मान्यतालाई आत्मसात् गरी यी असमानताहरूलाई सम्बोधन गर्न सबै क्षेत्र र अन्तर्गत निकायहरुलाई अझै बढी प्रभावकारीरूपमा परिचालन गर्न आवश्यक देखिएको छ ।

**४. नीतिको आवश्यकता**

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरूको सामना एवम् समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छ ।

१. संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रबर्द्धन गर्न,

२. समावेशीकरण सम्वन्धी नीतिगत एकरूपता र सामञ्जस्यता कायम गर्न,
३. नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,
४. नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
५. समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्‍याउन,
६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका समावेशीकरण सम्वन्धी प्रतिबद्धता अनुरूपको दायित्व पूरा गर्न,
७. लोकतन्त्रका लाभहरूलाई सबै नागरिकहरूबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न।

## ५. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू निम्नानुसार रहने छन्:

### ५.१ दीर्घकालीन सोंच

सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण।

### ५.२ दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई सबै अवसरहरूमा (महिला बालबालिका दलित पछिडपारिएका वर्ग तथा समुदायको) मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने।

### ५.३ उद्‌देश्य

आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरूको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने।

## ६ सामाजिक समावेशीकरणका सवालहरुः

### ६.१ महिलाका सवालहरु

- घरेलु तथा महिला हिंसा ।
- बालबिबाह तथा प्रेम बिबाहको प्रचलन स्वयंम बालविवाह।
- दाइजो प्रथा ।
- सामाजिक कार्यमा न्यून सहभागिता।
- पुरुषको अनुपातमा राजनैतिक क्षेत्रमा कम सहभागीता ।
- स्वास्थ्य तथा गुणस्तरिय शिक्षामा महिलाको लागि कम लगानी।
- बढी घरायसी जिम्मेवारी।
- सामाजिक बिभेद।
- आर्थिक क्षेत्रमा कम सहभागीता।
- स्थानिय तहमा सवै क्षेत्र बाट कम पहुँच ।

### ६.२. जनजातिका सवालहरु

- शिक्षामा पहुँच कम हुनु।
- मातृभाषा लोप हुने अवस्था।
- भेषभुषा तथा संस्कारलाई संरक्षण गर्न नसकिएको।
- धुम्रपान तथा मध्ययपानलाई मनोरञ्जनको रुपमा लिएको र यसले खर्च बढाउने, अपराध बढाउने गरेको।
- सामाजिक तथा आर्थिक रुपमा अन्य जातीको तुलनामा पछाडि परेको।
- राजनैतिक तथा सामाजिक क्षेत्रमा कम सहभागीता।
- स्वास्थ्य तथा सरसफाईको अवस्था कमजोर रहेको।

### ६.३. बालबालिकाका सवालहरु

- बालश्रम र श्रमको शोषण हुने गरेको।
- हेरचाह र खानपानमा अभिभावकले कम वास्ता गर्ने गरेको ।
- बाल उद्धान वा पार्क नभएको।
- पोषणयुक्त खानाको कमीले कुपोषित हुने गरेको ।
- परिवार र विद्यालयमा समेत शारिरीक र मानसिक यातना पाउने गरेको ।
- अभिभावकले बालवालिकाको जन्मदर्तालाई कम महत्व दिएको।
- विभिन्न कार्यक्रमको बारेमा सूचना, जानकारी कम हुने गरेको ।
- संस्कृति र चालचलनमा आएको बिकृतिले गर्दा बालबालिकाहरु बढी प्रभावित भएको ।
- असहाय र अपाङ्गता भएका बालबालिका प्रति सम्वन्धित पक्षको ध्यान नपर्नु तथा अभिभावकलाई बोझ भएको महशुस हुनु ।
- बाल विवाह ।
- सवै बालबलिका समावेश हुने गरी ब्यवस्थीत बाल क्लबहरु नहुनु ।

### ६.४. अपाङ्गता भएका व्याक्तिका सवालहरु

- अरुको सहारामा बाच्नु वा जिउनु पर्ने ।
- सामाजिक अपहेलना र सामाजिक कार्यमा सहभागीता नगराउनु ।
- आवागमनमा कठिनाई ।
- कुरा अरुले नसुन्ने, वास्ता नगर्ने ।
- परिचय पत्र सबैले नपाएको।
- सामाजिक सुरक्षा सेवा सुविधा पाउन कठिनाई ।
- सामाजिक सुरक्षा सेवा सुविधा परिवारले दुरुपयोग गर्ने गरेको ।
- अपाङ्गतामैत्री पूवार्धारको अभाव ।
- अपाङ्गतामैत्री भवन तथा शौचालयको अभाव ।
- सामाजिक कार्यमा न्यून सहभागिता ।

- सरकारी कार्यालय समेतमा अपाङ्गता मैत्री कोठा नहुनु ।

## ६.५. एकल महिलाका सवालहरु

- सामाजिक अपहेलना सम्मानमा कमि।
- बोक्सीको आरोप लाग्ने गरेको ।
- सत्य बोल्दा पनि अविश्वास गर्ने गरेको।
- सामाजले चरित्र माथि शंका गर्ने र आरोप लाग्ने गरेको।
- बैकले ऋण दिन विश्वास नगर्ने।
- आथिर्क अभावले खाना लगाउन समेत समस्या हुने गरेको ।
- सम्पत्तिको समान हक प्राप्त नहुने गरेको ।
- मनोसामाजिक समस्यामा पर्ने गरेको ।

## ६.६. विपन्न समुदायका सवालहरु

- रोजगारिको अवसर नहुनु ।
- आर्थिक संकट हुनु।
- शिक्षामा पहुँचको कमी।
- सुरक्षित आवास नभएको ।
- खेती गर्न जमिनको कमि।
- सामाजिक रुपमा उत्पिडित भएको ।
- रुढिवादि चिन्तनका कारण शोषण भएको।
- आवश्यक ज्ञान सिपको कमि।
- पुख्यौली पेशालाई आधुनिकीकरण गर्न नसक्नु वा घृणा गर्नु ।
- आफ्नो अधिकारको बारेमा ज्ञान नहुनु ।
- सामाजिक तथा विकासका गतिविधिहरुमा न्यून सहभागिता रहने गरेको ।
- सामाजिक सम्मानमा कमी ।
- वचत गर्ने धारणाको विकासमा कमी।
- परिवार नियोजन योजना बारे जानकारीमा कमी।

## ६.७. दलितका सवालहरु

- छुवाछुत तथा विभेदको अवस्था रहेको ।
- आथिर्क तथा सामाजिक अवस्था कमजोर रहेको ।
- समाजले अन्तरजातीय बैवाहिक सम्वन्ध स्विकार नगरेको ।
- शिक्षा क्षेत्रमा दलितको कम सहभागीता भएको तथा कक्षा छोड्ने दर बढि भएको।
- खाना पुग्ने गरी खेतबारी नहुनु र रोजगारी नभएको।
- सवै तहमा न्यून मात्र सहभागीता भएको ।
- अवसरहरु वाट बन्चित हुनु परेको।

- सामाजिक कार्यमा न्यून सहभागी तथा नेतृत्व स्वीकार नगरी रहेको ।

**६.८. जेष्ठ नागरिकका सवालहरु :**

- घरायसी सेवा र सम्मानमा कमी (परिवारबाट लुगा, कपडा, खानपान, बोली वचन रेखदेख तथा व्यवहार आदि) ।
- बैठक, सभा, उपभोक्ता समिति तथा अन्य कार्यमा समावेश नगर्ने वा कम महत्व दिने गरेको।
- पुरानो रुढिवादि चलन (छुवाछुत, देवी झाक्री) प्रति वढि विश्वास गर्ने गरेको ।
- शिक्षा तथा चेतनामा कमि रहेको ।
- सामाजिक सुरक्षा सेवाको पहुँचमा कमी रहेको।
- स्वास्थ्य उपचार सेवाको पहुँचमा कमी।
- जेष्ठ नागरिकको स्वास्थ्य विमा सेवामा कमी।
- जेष्ठ नागरिक पार्क नभएको ।
- सरकारी कार्यालय समेतमा अपाङ्गता मैत्री कोठा नहुनु ।

**६.९. यौनिक तथा अल्पसंख्यकको सवालहरु :**

- मानवताको ब्यवहार पाउन नसकेको ।
- समाजमा लुकेर बस्नु पर्ने ।
- सामाजिक बिभेद रहेको।
- सामाजिक सम्मानमा कमी।
- माग्ने, नाच्ने जातको रुपमा चिन्ने गरेको ।
- आर्थिक अवस्था कमजोर रहेको।
- रोजगारीमा पहुँच कम रहेको ।
- सीप बिकास तालिममा कमी ।
- क्षमता अभिबृद्धिमा समस्या।
- राजनीतिक तथा सामाजिक पहुँचमा कमी ।
- घर परिवारको समेत हेर्ने दृष्टिकोण फरक रहेको ।

**६.१० किशोर किशोरीको सवाल**

- लागु औषधको दुब्यर्सनमा लाग्नु ।
- प्राविधिको दुरुपयोग सामाजिक विकृति ।
- अरुको नक्कल गर्न खोज्ने ।
- भागी विवाह गर्ने ।
- उच्च शिक्षाके लागि नजिकमा क्याम्पस नहुनु ।
- किशोरीहरुलाइ जिल्ला वा बाहिर पढनको लागि कोठा लिएर बस्न नदिने ।
- निशुल्क शिक्षाको व्यवस्था नहुनु ।
- सीप विकास तालिमहरु नहुनु ।

➢ स्वास्थ्य शिक्षा बारे जानकारीमा कमी ।

**६.११ अल्पसंख्यक जातजातिको सवाल**

➢ नटुवा, चिडीमार आदि समुदायको खेतीपाती नहुनु र बेरोजगार हुनु ।
➢ सामाजिक कार्यमा संलग्नता नहुनु ।
➢ नटुवा समुदायले मागेर खाने भूमिहीन रहेको।
➢ स्थानिय तहमा समेत पहुँच नहुनु ।

**६.१२ मुस्लिमको सवाल**

➢ तिन तलाक प्रथा विधमान रहेको ।
➢ बालबालिकाहरुलाई मदरसाको अध्ययन पश्चात उच्च शिक्षामा भर्ना न्यून रहेको ।
➢ स्वास्थ्य संस्थामा न्यून मात्रामा जाँचको लागि जाने गरेको ।
➢ परिवार नियोजनका साधन प्रयोग नगर्नु ।
➢ किशोरहरुको उमेर बढाएर विदेश पठाउने ।
➢ हाडनाता सम्बन्ध बढी भइ रहेकोले अपाङ्गता भएका ब्यक्ती धेरै भएको ।

**<u>७. सामाजिक समावेशीकरण सम्बन्धि प्रमुख सवालहरु सम्बोधनका उपायहरुः</u>**

**७.१.महिलाका सवालहरु सम्बोधनका उपायहरु**

१. घरेलु हिंसा नियन्त्रणका लागि देवानी तथा फौजदारी अपराध संहिताको वारेमा गाउँगाउँमा सचेतना अभियान चलाउने र कानूनलाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने ।
२. न्यायिक समितिको भूमिकालाई बढी प्रभावकारी बनाउने ।
३. बालविवाह गर्नेलाइ कानूनी दायरामा ल्याउने ।
४. सामाजिक कार्यमा महिलाहरुको वढी सहभागीता गराउने।
५. राजनैतिक क्षेत्रमा महिलाको पहुँच बढाउन अभियान चलाउने ।
६. रजश्वला भएका महिलाहरुलाई घर तथा धार्मिक कार्यमा सहभागी गराउन धर्म गुरु धामी, झाक्रिसँग अन्तरक्रिया गर्ने तथा गराउने ।
७. गुणस्तरिय तथा प्राविधिक शिक्षामा महिलाको सहभागीताको लागि विषेश छात्रबृतिको व्यवस्था गर्ने ।
८. घरायसी कार्यमा महिला र पुरुषको जिम्मेवारी बराबर गराउन सचेतनामूलक कार्यक्रम गर्ने ।
९. महिलाहरुको लागि बनेका नीतिहरुको कार्यान्वयन गर्ने ।
१०. निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था गर्ने ।
११. महिलाहरुको सिपको विकास गर्ने र सीपको आधारमा रोजगारीको व्यवस्था गर्ने ।
१२. गाउँपालिकाको बजेट र कार्यक्रममा महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने प्रकारका कार्यक्रमहरु निर्धारण गर्ने ।
१३. कुनै पनि समाग्री पालिका वडा तह बाट वितरण गर्दा महिला सहभागिता सुनिश्चत गर्ने ।
१४. महिला बुहारी पढाउनका लागि वातावण मिलाउने ।

### ७.२. जनजातिका सवाल सम्बोधन गर्ने उपायहरु

१. जनजाति छात्रबृतिको व्यवस्था गर्ने ।

२. भेषभुषा तथा संस्कारलाई संरक्षण गर्न कार्यक्रम गर्ने ।

३. सामाजिक आर्थिक तथा राजनीतिक क्षेत्रमा पहुँच बढाउन कार्यक्रम सचालन गर्ने ।

४. स्वास्थ्य तथा सरसफाई सम्वन्धि तालिमको व्यवस्था गर्ने ।

५. सम्बन्धित स्थानमा अनिवार्य सहभागिताको सुनिश्चयता गर्ने ।

६. सीप विकासमा जोड दिने ।

### ७.३. बालवालिकाका सवाल सम्बोधनका उपायहरु

१. बालबिबाह गरेको पाइएमा सम्वन्धित पक्षलाई आ-आपनो घरमा बस्न लगाउने र विद्यालय पढाईलाई निरन्तरता दिन उत्प्रेरित गर्ने ।

२. स्कूल तहका बालवालिकालाई शैक्षिक कार्यका लागि मात्र मोवाईल फोनको उपयोग गर्न वातावरण बनाउने।

३. श्रमशोषण हुने र जोखिम हुने स्थानमा आर्थिक क्रियाकलापको काममा लगाउन नपाउने व्यवस्थालाई कडाईका साथ लागू गर्ने र नियमित अनुगमन गर्ने।

४. वालवालिकाको पोषणमा विशेष ध्यान दिन र सहभागिता बढाउन तथा सरसफाईको अवस्थामा ध्यानदिन अभिभावक शिक्षा सञ्चालन गर्ने ।

५. बाल दिवस, बाल उत्सव जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. शारीरिक तथा मानसिक र सम्बेगात्मक विकासका लागि बाल उधान वा पार्क निमार्ण गर्ने।जन्मदर्ता समयमा अनिर्वाय रुपमा दर्ता गराउन सचेनामूलक कार्यक्रम गर्ने।

७. संस्कृति र चालचलनको नाममा विकृति आउन नदिन निगरानी गर्ने ।प्रहरी प्रशासनलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

८. बालमैत्री विद्यालय र गाउँपालिकाको विकास गर्ने ।

९. सवै गाउँमा बाल विकास तथा पुस्ताकलयको स्थापना गर्ने ।

१०. सवै बालकालिका स्कुल भर्ना हुनका लागि अभिभावक समेतलाइ उत्प्रेरणा मुखी कार्य गर्ने।

### ७.४. अपाङ्गता भएका व्याक्तिका सवाल संवोधनका उपायहरु

१. पालिका तहमा हुने सरकारी कार्यालयहरुमा अनिवार्य अपाङ्गतामैत्री संरचना निमार्ण गर्ने ।

२. क्षमता अभिबृद्धि तथा सिप विकासका लागि आवश्यक कार्यक्रम गर्ने ।

३. परिचयपत्र वितरण प्रणालीलाइ सहज बनाउने।

४. आवश्यक सहायता सामाग्री वितरण गर्ने ।

५. सचेतनामूलक अभियानहरु चलाउने ।

६. रोजगारका लागि आर्थिक सहयोग गर्ने ।

७. अपाङ्गता सम्बन्धी भएका नितीहरु कार्यान्वयन गराउन पहल गर्ने ।

**७.५. एकल महिलाका सवाल सम्बोधनका उपायहरु**

१. बोक्सीको आरोप लगाउने धामीझाक्री, ज्योतिष वा अन्य व्यक्ति, समुदायलाई कानुन अनुसार कार्यवाही गर्ने ।
२. महिला समुह, आमा समुह वा स्थानीय संस्थामा आवद्ध हुन प्रेरित गर्ने ।
३. सबै प्रकारका विभेद तथा हिंसा नियन्त्रण गर्न देवानी तथा फौजदारी अपराध संहिताको वारेमा गाउँगाउँमा छलफल चलाउने र कानूनलाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने ।
४. न्यायीक समितिको भूमिकालाई बढी प्रभावकारी बनाउने ।
५. सामाजिक कार्यमा वढी सहभागीता गराउने व्यवस्था गर्ने।
६. सिप तथा क्षमताको विकास गर्ने र सीपको आधारमा रोजगारिको वातावरण बनाउने।
७. सम्मान सरक्षण तथा सामाजिक सशक्तिकरण गर्ने प्रकारका कार्यक्रमहरु गर्ने ।
८. सामाजिक कार्यमा क्षमता अनुसारको पदमा राखी जिम्मेवारी दिने वातावरण मिलाउने ।

**७.६.विपन्न समुदायका सवाल सम्बोधनका उपायहरु**

१. सिपमुलक तालिमको व्यवस्था गरि रोजगारी सिर्जना गर्ने र सहुलियत दरमा ऋण उपलव्धताको व्यवस्था गर्ने ।
२. स्वास्थ्य उपचारका लागि निःशुल्क व्यवस्था गर्ने ।
३. सचेतना मूलक कार्यक्रम संचालन गर्ने।
४. पुर्ख्यौली पेशालाई सरक्षण गर्ने उत्प्रेरित गर्ने र राम्रो गर्नेलाई पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने ।
५. आर्थिक सशक्तिकरणको लागि विशेष कार्यक्रम ल्याउने र त्यसका लागि प्रयाप्त बजेट विनियोजन गर्ने ।
६. बालिकाको लिग उच्च शिक्षाको निशुल्क ब्यवस्था मिलाउने ।

**७.७. दलितका सवाल सम्बोधनका लागि उपायहरु**

१. छुवाछुत अन्त्यको लागि सचेतनामूलक अभियान चलाउने र रणनिती तयार गरी वडा, पालिका छुवाछुत मुक्त क्षेत्र घोषणा गर्ने ।
२. अन्तर जातीय वैवाहिक सम्वन्धलाई कानूनी रुपले बैध भएमा मान्यता दिने तथा सम्मान गर्ने ।
३. शिक्षामा सहभागिता बढाउन नि शुल्क र छात्रवृति तथा पुरस्कारको व्यवस्था गर्ने ।
४. सहभोज, सम्मान तथा संरक्षण गर्न कार्यक्रम संचालन गर्ने।
५. घरायसी तथा व्याक्तिगत सरसफाई सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
६. आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि गाउँपालिकाको नीति तथा कार्यक्रमहरुमा सम्बोधन गर्ने, प्रयाप्त बजेट विनियोजन गर्ने।
७. संविधानमा उल्लेखित नियम अनुसार कार्य गर्ने।
८. रोजगरी सृजनाका लागि अनुदान प्रदान गर्ने र ब्यवसाय दर्ता निशुल्क गर्ने ।
९. दिवसीय कार्यक्रमहरु मनाउने ।
१०. मध्यम वा ठुलो ब्यवसाय गर्नका लागि सहयोग गर्ने ।

११. प्राविधिक शिक्षामा जोड दिने जस्तै प्रत्येक दुइ बर्षमा एक-एक जना डाक्टर, ईन्जिनियर र वकिल पढाउनका लागि सहयोग गर्ने ।

## ७.८. जेष्ठ नागरिकका सवाल सम्बोधनका उपायहरु

१. हेरचाह र संरक्षण गर्न परिवारलाई प्रोत्साहित गर्ने ।
२. वैठक, सभा तथा अन्य कार्यमा सहभागिता बढाउने ।
३. स्वास्थ्य विमामा सहजीकरण तथा सहयोग गर्ने ।
४. जेष्ठ नागरिक पार्कको निर्माण गर्ने ।
५. सामाजिक सुरक्षा भत्ताको सदुपयोग र सुरक्षाका लागि परिवारलाई सचेत गराउने ।
६. परिवारले जेष्ठ नागरिकलाइ स्याहारसुसार गरे नगरेको अनुगमन गर्ने ।

## ७.९. यौनिक तथा अल्पसंख्यकको सवाल सम्बोधनका उपायहरु :

१. समुदायलाई सचेतीकरण गर्ने ।
२. सामाजिक कार्यमा उपस्थित सम्बन्धित ठाउँमा अनिवार्य सहभागीता गराउने ।
३. रोजगार प्रर्बधनको लागि कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने ।
४. कला र सीपको बिकास तथा संरक्षण गर्ने ।
५. उत्पादित सामाग्रीहरुको बजार प्रबद्र्धनमा जोड दिने ।
६. क्षमता अभिबृद्धि गर्ने ।
७. समूहमा आबद्ध हुन सहजीरण गर्ने ।
८. तथ्याङ्क संकलन गर्ने ।

## ७.१० किशोर किशोरीको सवाल सम्बोधनका उपायहरु

१. किशोरकिशोरीको पोषणमा विशेष ध्यान दिने र सहभागिता बढाउन तथा सरसफाईको अवस्थामा ध्यानदिन अभिभावक शिक्षा सञ्चालन गर्ने ।
२. बाल दिवस, बाल उत्सव जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. शारीरिक तथा मानसिक र सम्बेगात्मक विकासका लागि बाल उधान वा पार्क निमार्ण गर्ने तथा प्रतियोगात्मक कार्यक्रमहरु सचालन गर्ने।
४. निशुल्क उच्च शिक्षामा जोड दिने ।
५. बाल क्लवहरुको तथा पुस्ताकलयको ब्यवस्था गर्ने ।
६. स्वास्थ्य र निति नियम बारे जानकारी गराउने ।

## ७.११ अल्पसंख्यक जातजातिको सवाल सम्बोधनका उपायहरु

१ नटुवा, चिडीमार आदि समुदायको बेरोजगार तथा आम्दानी बृद्धिमा जोड दिने ।
२ सामाजिक कार्यमा संलग्नता गराउने
३ नटुवा समुदायले मागेर खाने भूमिहीन रहेकोमा लिजमा भए पनि जग्गा उपलब्ध गराउने ।
४ बालबालिकालाइ पढाउनका लागि जोड दिने र ब्यवसाय सचालनका लागि आर्थिक सहयोग गर्ने ।

### ७.१२ मुस्लिमको सवाल सम्बोधनका उपायहरु

१ तिन तलाक प्रथा भन्दा कानूनको बारेमा जानकारी गराउने ।

२ बालबालिकाहरुलाई मदरसाको अध्ययन पश्चात उच्च शिक्षामा भर्ना गराउन सहयोग गर्ने

३ स्वास्थ्य संस्थामा जाँचको लागि सचेतना फैलाउने ।

४ परिवार नियोजनका साधन प्रयोग गर्नु पर्ने बारे जानकारी दिने।

५ किशोरहरुको उमेर बढाएर विदेश पठाउने कार्यमा रोक लगाउने।

६ सरसफाइमा जोड दिने ।

## ७. गाउँपालिकामा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन गर्न देखिएका समस्या तथा चुनौतीहरू:

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक छ। यस सन्दर्भमा सामाजिक समावेशीकरणका मुख्य समस्याहरुमा सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु, स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम् क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रूपमा सशक्तीकरण गर्न नसक्नु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरूलाई समावेश गर्न नसकिनु, विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदाय बीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु, विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजाति बीच हुने व्यवहारगत विभेद हट्न नसक्नु लगायत रहेका छन्।

## ९. <u>समस्या तथा चुनौतिहरु सम्बोधनका लागी अवश्यक रणनितीहरू :</u>

१. सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने।

२. नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

३. पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।

४. उपलब्ध स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने र उहाँहरुको नेतृत्वमा उक्त स्रोत परिचालन गर्ने ।

५. सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

## १०. नीति तथा कार्यनीतिहरु

रणनीति १०.१: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने ।

१०.१.१ स्थानीय आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१०.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरूप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ।

१०.१.३ मौजूदा कानुनहरूलाई समय सापेक्षरूपमा समावेशीमैत्री बनाउन आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

१०.१.४ समावेशी सम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्बद्ध सरोकारबालाहरूसँग परामर्श तथा समन्वय गरिनेछ।

१०.१.५ नेपाल पक्ष भएका यस सम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ।

१०.१.६ आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरूमा परिमार्जन गरिनेछ।

१०.१.७ सामाजिक समावेशीकरणको अवधारणालाई स्थानीय गैह्र सरकारी संस्था र सरोकारवालाहरूको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिनेछ।

१०.१.८ सहकारी, सामुदायिक, गैह्रसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरी परिचालन गर्न ती निकायबाट संचालित समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रमहरूलाई स्थानीय तहको योजना प्रक्रियामा आवध्द गरिनेछ।

१०.१.९ टोल तथा बस्तीस्तर देखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूह मार्फत सहभागिता मूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

१०.१.१० समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।

१०.१.११ सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ।

१०.१.१२ समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

१०.१.१३ विद्यमान संरचनाहरूमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

१०.१.१४ सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी (Focal Person) तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

१०.१.१५ जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि भइरहेका संरक्षण गृहहरूको संरक्षण र उपयोग गर्दै आवश्यकतानुसार नयाँ संरचना स्थापना र सञ्चालन गरिनेछ।

१०.१.१६ पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०.१.१७ जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावक विहीन नागरिकको संरक्षण, पुनःस्थापन तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ।

१०.१.१८ प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरूको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तीकरण गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

१०.१.१९ सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्यगर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित
गरिनेछ।

१०.१.२० उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूलाई समेत परिलक्षित गरिनेछ।

१०.१.२१ आवश्यकतामा आधारित भई समावेशी विकास प्रकृयामा योगदान पुर्याउन विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ । आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र सामुदायिक तथा गैह्रसरकारी संङ्घ संस्थालाई परिचालन गरिनेछ।

१०.१.२२ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०.१.२३ प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

१०.१.२४ टोल विकास संस्था, उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरू लगायतलाई क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मक रूपमा परिचालन गरिनेछ।

१०.१.२५ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१०.१.२६ सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका सम्बन्धमा आवधिक रूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

<u>रणनीति १०.२ः नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सीमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।</u>

१०.२.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत

तथ्याङ्क राखिनेछ ।साथै वडागत खण्डीकृत तथ्याङ्कको आधारमा सबै वडाहरुको एकीकृत तथ्याङ्क डाटावेस तयार गरिनेछ ।

१०.२.२ पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित सूचना प्रणाली (Real Time Basis-On Line Information System) को डिजाइन तथा विकास गरी कार्यान्वयन गरिनेछ ।

१०.२.३ सामाजिक समावेशीकरणको अवस्था तथा पछाडि परेकाहरूको तथ्याङ्क/सूचना प्राप्त हुने गरी विद्यमान प्रतिवेदन प्रणालीहरूमा समावेशी सूचकहरूको विकास गरी एकीकृत गरिनेछ।

१०.२.४ नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याङ्कका आधारमा दोहोरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

१०.२.५ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ ।

१०.२.६ समानुपातिक समावेशी सिद्धान्तबमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरूमा पुनरावलोकन गरी भईरहेका कानुन परिमार्जन तथा आवश्यकता अनुरूप नयाँ कानुन तर्जुमा गरिनेछ ।

१०.२.७ योजना प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि तथा मापदण्डको परिमार्जन तथा तर्जुमा गरिनेछ ।

१०.२.८ लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ । साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ ।

१०.२.९ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०.२.१० पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ।साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ।

१०.२.११ लक्षित समुदायहरूलाई योजनाको मूल्याङ्कन लगायत सोबाट सिर्जित लाभ लिन तथा अवसरहरूको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ।

१०.२.१२ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिक रूपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१०.२.१३ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई उपलव्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ।

१०.२.१४ वडा र पालिका बाट कुनै पनि समाग्री सेवा प्रदान गर्दा महिला कम्ती चालिस प्रतिशत दलित बीस प्रतिशत अपाडंगता भएका ब्यक्ती ५ प्रतिशत आदि अनिवार्य सहभागी सुनिश्चत गर्ने ।

१०.२.१५ लक्षित वर्गको क्षमता विकासका लागि गाउँपालिका क्षेत्र भित्र क्रियाशील गैह्रसरकारी संस्था,नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरिनेछ ।

रणनीति ११:३ पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

१०.३.१ विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

१०.३.२ लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

१०.३.३ सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०.३.४ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यका लागी आवश्यक कानूनहरूको तर्जुमा गरिनेछ।

१०.३.५ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.३.६ सामाजिक आचरण र व्यवहार सम्वन्धी आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।

१०.३.७ सामाजिक भेद भावजन्य कार्य विरुद्धका कानुनहरूको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ।

१०.३.८ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, बेठबेगारी प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ।

रणनीति १०:४ पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

१०.४.१ महिला तथा विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ।

१०.४.२ आर्थिक तथा सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

१०.४.३ असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.४ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.५ प्रजनन अवस्थाका सेवा सुविधाहरूको सुनिश्चतता गर्न, बालवालिकाहरूको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.६ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिने छ।

१०.४.७ लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरूपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.८ आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपले पिछडिएका वर्ग तथा नागरिकहरूलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवसाय मार्फत् उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने कार्य गरिनेछ।

१०.४.९ स्थानीय स्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

१०.४.१० लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ।

१०.४.११ गुरुकुल/आश्रम, वेद विद्याश्रम, गोन्पा (गुम्बा), मदरसा लगायतका धार्मिक शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ।

१०.४.१२ स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरूको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेछ।

१०.४.१३ गुठी, संग्रहालय, कला केन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.१४ लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक लगायत विपन्न वर्गको पहिचान गर्दै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदाय तथा वर्गसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरूलाई सहभागी गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.१५ आदिवासी, जनजाति, दलित, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रबर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न निकायहरूको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ।

१०.४.१६ आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जातजातिको लोपोन्मुख भाषा एवम् संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्बन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.१७ स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्न सम्बद्ध गैह्रसरकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

१०.४.१८ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.१९ वडा कार्यालयहरू मार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ।

१०.४.२० जोखिम र हिंसामा परेका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१०.४.२१ अपाङ्गता भएका व्यक्ति, बालवालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणसम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ।

१०.४.२२ लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरूप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ।

१०.४.२३ भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.२४ लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तीकरण गरिनेछ।साथै स्थानीयस्तरमा रहेका पुनर्स्थापन केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ।

१०.४.२५ अपाङ्गमैत्री, बालबालिकामैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिनेछ।

१०.४.२६ पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.४.२७ सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ।

१०.४.२८ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी सङ्घ संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

१०.४.२९ सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रबोधीकरण
गरिनेछ।

१०.४.३० समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सबै वडाहरूमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरूप लागू गर्न प्रेरित गरिनेछ।

<u>रणनीति १०.५: सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।</u>

१०.५.१ लक्षित कार्यक्रम सञ्चालन गर्न सम्बध्द निकाय तथा पदाधिकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गरिनेछ।

१०.५.२ लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

१०.५.३ सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ।

१०.५.४ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरूको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार प्रसार गरिनेछ।

१०.५.५ सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ।

१०.५.६ समावेशीकरणका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग भएका अभिसन्धि र । पक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइनेछ।

१०.५.७ समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ।

## ११.सस्थागत व्यवस्थाः

११.१ गाउँपालिका स्तरीय समितिः यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको सामाजिक समावेशीकरण **कार्यान्वयन** समिति रहनेछः

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट संयोजकले तोकेका कम्तिमा २ जना महिला सहित ३ जना - सदस्य

ङ) सामुदायिक संङ्घ संस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना - सदस्य

च) सामाजिक विकास शाखाका प्रमुख - सदस्य सचिव

११.२ गाउँपालिकास्तरीय सामाजिक समावेशीकरण **कार्यान्वयन** समितिको काम, कर्तव्य र अधिकारः

क) सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।

ख) नीति कार्यान्वयनका लागि सम्बन्धित वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने।

ग) सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

घ) सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।

ङ) सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।

च) सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने ।

छ) वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

ज) योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।

झ) सरकारी तथा गैहसरकारी सङ्घ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

ञ) वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।

ट) अन्तर्राष्ट्रियरुपमा गरेका सामाजिक समावेशीकरण सँग सम्बन्धित प्रतिबद्धताहरु स्थानीयस्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने ।

ठ) आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

ड) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने।

११.३ वडास्तरीय समितिः गाउँपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय सामाजिक समावेशीकरण **कार्यान्वयन** समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:

क) सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख) सम्वन्धित वडाका ३ जना वडा सदस्यहरू (दुई जना महिला समेत) - सदस्य

ग) सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने संघ संस्थावाट मनोनित गरेका २ जना सदस्यहरू (एक जना महिला समेत) - सदस्य

घ) सम्वन्धित वडाको वडा सचिव - सदस्य सचिव

११.४ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः

क) वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ती, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

ख) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ती, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हकहितको संरक्षण र सम्बद्र्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने ।

ग) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ती, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने ।

घ) वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने ।

ङ) यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

च) वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायि वा संवेदनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैससास परीक्षण गराउन सहजीकरण गर्ने ।

छ) वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हाले पनि उजुरी कर्ताको सुरक्षाको निम्ती कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुरब्यबहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरू लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

ज) लैससासको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने ।

झ) लैससास सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने ।

ञ) लैससासमा काम गर्ने आन्तरिक र बाह्य संघ-सस्थासँग समन्वय र सहकार्य गर्ने

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १२. नीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्था :

कार्यान्वयन समितिको निर्देशनमा सम्वन्धित शाखा / इकाइ /वडाबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईनेछ। गाउँपालिकास्तरीय समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ।

## १३. नीतिको मूल्याङ्कनः

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ । सामान्यया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ ।

## १४. सम्भावित जोखिम न्यूनीकरण योजनाः

उल्लेखित रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछः

नमूना ढाँचा

| क्र. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|

| क्र. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय वडाको कम प्राथमिकता मा पर्न सक्ने । | नीति, मार्गदर्शन एवं वार्षिक योजना तथा कार्यक्रमबाट प्राथमिकतामा राख्ने । | सम्बधि अंग /शाखा /इकाई एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी सङ्ग संस्थाहरु । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | सम्बधि अंग/शाखा /इकाई एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी सङ्घ संस्थाहरु । |
| ३. | नीति कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारीरुपमा समन्वय नहुन सक्ने। | नीति कार्यन्वयन समितिको नियमित वैठकको व्यवस्था गर्ने । | सम्बध्द अंग /शाखा /इकाई |
| ४. | सामाजिक समावेशीकरण सम्बन्धी बुझाइमा विविधता हुन सक्ने । | सचेतनामूलक तथा क्षमता अभिबृध्दिका कार्यक्रम संचालन गर्ने । | सम्बध्द अंग /शाखा /इकाई एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी सङ्ग संस्थाहरु । |
| ५. | समावेशीकरण प्रबर्द्धन लक्षित कार्यक्रमहरूलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नहुन सक्ने। | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने । | सम्बध्द अंग /शाखा /इकाई एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी सङ्ग संस्थाहरु । |

**१५.समन्वय तथा सहकार्य :**

यस गाउँपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री गाउँपालिका बनाउन पालिका भित्रमा कार्यरत गैरसरकारी संघ संस्था, किशोर किशोरी समुह, प्रहरी प्रशासन, टोल विकास संस्था, विद्यालय ब्यबस्थापन समिति तथा विद्यालय परिवार र गाउँपालिकाको विषयगत शाखा, इकाई, वडा कायार्लयहरु र स्वास्थ्य संस्था संग समन्वय र सहकार्य गरिने छ ।

**१६.क्षमता विकास :**

यस गाउँपालिका भित्र रहेका आमा समूह, टोल विकास संस्था, जनप्रतिनिधि, कार्यपालिका सदस्यहरु लगाएत सबै संघ संस्था तथा सरोकारवालाहरुको क्षमता विकास गर्ने रणनीति अवलम्वन गरिने छ ।

**१७.सञ्चार माध्यमको परिचालन :**

यस गाउँपालिकाले गरेका कार्यक्रमहरु, सचेतनामूलक सन्देशहरु, तथा जन जागरणका लागि आवश्यक सुचना तथा सन्देश गाउँपालिकाका सबै वडाहरुमा प्रसारण गर्ने एफएम रेडियो तथा अन्य संचार माध्यमसँग सम्झौता गरेर परिचालन गरिने छ ।

**१८.दण्ड तथा पुरस्कार :**

समाजमा तथा घर परिवारमा हिंसा गर्ने, विभेद गर्ने तथा दुब्यर्बहार गर्ने ब्यक्तिलाई दण्डित गर्ने तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमैत्री व्यबहार गर्ने ब्यक्तिको पहिचान गरी पुरस्कृत गर्ने रणनीति अवलम्बन गरिने छ ।

**१९. न्यायिक समितिको भूमिका :**

समाजमा भएका अन्यायलाई कानूनी प्रकृयाबाट न्याय निरूपण गर्ने, न्यायिक समितिको भूमिकाको बारेमा आम नागरिकलाई जानकारी गराउने, न्यायिक समितिले कानूनी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने र आवश्यकता अनुसार न्यायिक समितिको क्षमता विकास गर्ने रणनीति अवलम्वन गरिनेछ । न्यायिक समितीलाई कानून सम्बन्धि परामर्श तथा सहयोगका लागि कानूनी सल्लाहकारको ब्यवस्था गरिने छ ।

**२०.सहभागिता :**

महिला, एकल महिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता भएका ब्यक्ति, योनिक तथा अल्पसंख्यक भएका ब्यक्ति, सिमान्तकृत समुदाय र ज्येष्ठ नागरिकहरुको सहभागिता कानुन बमोजिम क्षेत्र अनुसार सुनिश्चत गरिने छ । योजना तर्जुमा प्रकृया, योजना कार्यान्वयनको चरण र अनुगमन तथा मूल्यांकनको चरणमा विभिन्न समुहको सहभागिता सुनिश्चित गरिनेछ ।

**२१.सुशासन :**

सुशासन गाउँपालिकाको महत्वपूर्ण पक्षको रुपमा रहेको छ । गाउँपालिकाका निर्णय तथा क्रियाकलापहरु पारदर्शि रहने छन् । यसका लागि गाउँपालिकाले प्रत्येक चैमासिकमा सावर्जनिक सुनुवाइ कर्यक्रम संचालन गर्ने छ । त्यसै गरी हरेक आर्थिक वर्षको पहिलो चैमासिक भित्र अघिल्लो अर्थिक वर्षको सामाजिक परिक्षण र लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिने छ । यस्ता परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रममा महिला, एकल महिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता भएका ब्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको सहभागिता रहनेछ ।

२२. **तथ्यांक अद्यावधि :**

गाउँपालिकाले आफ्नो पालिकाभित्र रहेका महिला, एकलमहिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता, यौनिक अल्पसंख्यक, सिमान्तकृत भएका ब्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको तथ्यांक हरेक बर्ष अद्याबधिक गर्ने छ । यसका लागि पालिकाले तयार गरेका गाउँपाश्र्व चित्रमा अध्यावधिक गरिने छ ।

२३. **आवधिक योजनामा समावेश :**

यस गाउँपालिकाले अवधिक योजनामा समावेशीकरणका सवाललाइ समावेश गरी लागु गर्ने छ । यसरी तयार गरिएको आवधिक योजनामा महिला, एकलमहिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता भएका ब्यक्ति, यौनिक तथा अल्पसंख्यक, सिमान्तकृत समुदाय भएका ब्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि विशेष सूचक सहितका कार्यक्रमहरु निर्धारण गरिने छन् ।

२४. **बार्षिक नीति तथा कार्यक्रम :**

गाउँपालिकाले हरेक बर्षको नीति तथा कार्यक्रममा बञ्चितिकरणमा परेका महिला, एकलमहिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता भएका ब्यक्ति, यौनिक अल्प संख्यक भएका ब्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको सिमान्कृत समुदाय उत्थानको लागि विशेष कार्यक्रम तथा नीतिहरु निर्धारण गरिने छन् ।

२५. **बजेट विनियोजन तथा अनुगमन :**

बञ्चितिकरणमा परेका महिला, एकलमहिला, दलित, जनजाति, बालबालिका, विपन्न, अपाङ्गता भएका ब्यक्ति, यौनिक अल्प संख्यक भएका ब्यक्ति तथा ज्येष्ठ नागरिकहरुको सिमान्तकृत समुदाय उत्थानको लागि गाउँपालिकाले बजेट विनियोजन गर्नेछ । उक्त बजेटको सही सदुपयोग भएको वा नभएको प्रभावकारी अनुगमन गरिने छ ।